# ईश्वरपुर नगरपालिका,
# नगर कार्यपालिकाको कार्यालय
# ईश्वरपुर, सर्लाही
# २ नं. प्रदेश, सर्लाही

## आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) का लागि
## डांक बढाबढ सम्बन्धी सार्वजनिक सूचना

तेस्रो पटक प्रकासित मिति : २०७५।०४।३१ (अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित)

ईश्वरपुर नगरपालिकाले आ.ब. २०७५/०७६ को बाँकी अवधिका लागि आन्तरिक आय संकलन गर्न वडा नं. ६ महेन्द्र बजारको गोरु बजार डाँक बढाबढबाट ठेक्कामा लगाउन निम्न मिति समय र स्थानमा डाँक बढाबढ गरिने भएकोले ईच्छुक व्यक्ति/फर्मबाट देहाय बमोजिमका शर्तको अधिनमा रही डाँक बढाबढमा सहभागि हुन यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्काको विवरण | ठेगाना | न्यूनतम दर रेट | डाँक बढाबढ हुने | | |
|---|---|---|---|---|---|---|
| | | | | मिति | समय | स्थान |
| ०६-२०७५/०७६ | महेन्द्रबजारको गोरु बजार | ईश्वरपुर-६, महेन्द्रबजार, बयलवास, सर्लाही | २३,००,०००।- | २०७५।०५।०६ | बिहान ११:०० बजेदेखि दिउँसो १:०० बजेसम्म | ईश्वरपुर-६, महेन्द्रबजार, बयलवास |

**<u>शर्तहरु</u>**

१. डाँक बढाबढ बोल्ने व्यक्ति नेपाली नागरिक भए आफुले कबुल गरेको अङ्कको ५% र गैर नेपाली नागरिक भए आफुले कबुल गरेको अङ्कको १०% धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेड, बयलवास शाखामा रहेको धरौटी खाता नं. १०९०३०००००००३००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बिडबण्डको सक्कल प्रति वा नगदै रकम डाँक बढाबढको बखत पेश गर्नु पर्ने छ।
२. न्यूनत्तम अंकबाट डाँक बढाबढ सुरु गरी अन्तिम समय समाप्त भए पश्चात तत्कालै सबैभन्दा बढी अंक डाँक कबोल गर्नेको डाँक नियमानुसार धरौटी लिई तत्कालै स्वीकृत गरिनेछ।
३. उल्लेखित ठेक्का वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर ठेकेदारले बुझाउनु पर्नेछ।
४. डाँक बढाबढ गर्ने ठेकेदारले आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई ७ (सात) दिन भित्र पट्टा लिएमा कबुल अंकमा १०% सम्म छुट दिईने छ। अन्यथा कबुल अंकलाई बढीमा तिन किस्तामा बिभाजित गरी प्रथम किस्ताको रकम सम्झौताको बखत बुझाई बाँकी रकम बराबरको ठेक्का अवधी भन्दा कम्तीमा एक महिना बढी अवधी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी भएको बैंक जमानत पट्टा लिने समयमा पेश गर्नु पर्नेछ।
५. ठेक्का सकार गरेको सात दिन भित्र पट्टा नउठाएमा निजको धरौटी जफत गरी दोस्रो कबुलवालाको नाममा ठेक्का स्वीकृत गरी नियमानुसार पट्टा दिईनेछ।
६. डाँक बढाबढमा व्यक्ति स्वयम् उपस्थित हुनु पर्नेछ। थप जानकारीको लागि यस कार्यालयको राजश्व शाखा वा ९८४४०१८८७७ मा सम्पर्क गर्न हुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत